# श्री नेपाली सैनिक प्रतिष्ठान,
# खरिपाटी भक्तपुर
## डिन पदपूर्ति सम्बन्धी सुचना

मितिः २०७७।१०।१२ गते ।

१. यस श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी, भक्तपुर शैक्षिक अध्यापन महाशाखाको मानविकी तथा समाजशास्त्र संकायका लागि डिन पदको पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता भएका ईच्छुक नेपाली नागरिकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सैनिक प्रतिष्ठानको कार्यालयमा प्राप्त हुने गरी दरखास्त (आशय पत्र) आव्हान गरिएको छ ।

| सि.नं. | पद | स्थान | संख्या | सेवाको किसिम | शैक्षिक योग्यता तथा अनुभव | | तलब भत्ता |
|---|---|---|---|---|---|---|---|
| १ | डिन | श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी भक्तपुर | १ | करार | (१) मानविकी तथा समाजशास्त्र संकायमा स्नातकोत्तर वा सो भन्दा उच्च उपाधी हासिल गरेको हुनुपर्ने । (२) त्रिभुवन विश्वविद्यालय अन्तर्गत वा नेपाली सैनिक प्रतिष्ठानमा कार्यरत प्राध्यापक वा सह-प्राध्यापक वा सो सरहको नियुक्तिमा कम्तिमा पांच वर्ष कार्य गरेको र हाल कार्यरत रहेको हुनुपर्ने । (३) उमेर ६१ वर्ष ननाघेको हुनुपर्ने । | प्राध्यापक र विद्यावारीधी उपाधी हासिल गरेकालाई विशेष ग्राह्यता दिईनेछ । | (१) डिनको तलब त्रिभुवन विश्वविद्यालयको संकाय डिनको सरह हुनेछ । (२) अध्यापन गरेबापत तलबको बढीमा २५% सम्म थप पारिश्रमिक पाउन सक्नेछ । |

२. **दरखास्त (आशय पत्र) बुझाउने स्थानः** श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी भक्तपुर

३. **दरखास्त (आशय पत्र) बुझाउने अन्तिम मितिः** २०७७/१०/२६ गतेको १५०० बजे ।

४. **दरखास्त (आशय पत्र) साथ पेश गर्नु पर्ने कागजातहरुः**

(क) व्यक्तिगत विवरण (Curriculum Vitae)

(ख) लिखित निवेदन

(ग) नागरिकताको प्रतिलिपी

(घ) **शैक्षिक प्रमाणपत्रहरुः** एस.एल.सी. देखि माथि हरेक तहको लब्धाङ्क/ट्रान्सक्रिप्ट, प्रोभिजनल/ओरिजिनल सर्टिफिकेट, चारित्रिक प्रमाण पत्र, Migration Certificate, Equivalent Certificate,नागरिकता (विदेशबाट अध्ययन गरेको भएमा) ।

(ङ) दरखास्त (आशय पत्र) पेश गर्नको लागि विभागिय स्वीकृति लिएको पत्र ।

(च) अनुभव, तालिम तथा प्राप्त अन्य प्रमाण पत्रहरुका प्रमाणित प्रतिलिपीहरु

(छ) हालसालै खिचेको पासपोर्ट साईजको दुई प्रति फोटो ।

५. **सम्पर्क मिति र समयः** २०७७/१०/२६ गतेको १५०० बजे ।

६. **सम्पर्क राख्ने स्थानः** श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी भक्तपुर ।

नोटः

(१) उम्मेदवाहरु फौजदारी/अदालती/कानुनी रुपमा दोषी नभएको हुनु पर्नेछ ।

(२) छनौटको लागि सिफारिस समितिले अन्तरवार्ता लिने छ र अन्तरवार्तामा सहभागी हुन आउने उम्मेदवारले नागरिकता, सम्पुर्ण तहका शैक्षिक प्रमाण पत्रहरु वाञ्छनीय योग्यताको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ ।

(३) तोकिएको स्थान, मिति र समयमा उपस्थित नहुने उम्मेदवारहरुलाई पून: परीक्षाको व्यवस्था गरिने छैन ।

(४) छनौट प्रकृया र सेवा तथा सर्त सम्बन्धि थप जानकारीको लागि श्री नेपाली सैनिक प्रतिष्ठानको वेभ साईट www.nma.mil.np वा फोन नं ०१-६६१०२८८ मा सम्पर्क राख्न सकिने छ ।

(प्रेमध्वज अधिकारी)
सहायक रथी
शिक्षाधिकृत